# स्थानीय राजपत्र

# किस्पाङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः६) किस्पाङ, कार्तिक महिना २९ गते, २०७९ साल (संख्याः९

## भाग-२

बंगुरपालक कृषकको लागि ५० प्रतिशत अनुदानमा बंगुरको पाठापाठी बितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

मूल्य रु. १०

किस्पाङ गाउँपालिका

## किस्पाङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः६) किस्पाङ, कार्तिक महिना २९ गते, २०७९ साल ( संख्याः ९

### भाग-२

**बंगुरपालक कृषकको लागि ५० प्रतिशत अनुदानमा बंगुरको पाठापाठी बितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९**

किस्पाङ गाउँपालिका

**प्रस्तावनाः**

किस्पाङ गाउँपालिका क्षेत्रमा पशुपालनको विकासका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को २ (ण) अनुसारका कृषकहरुलाई अनुदान उपलब्ध गराई आय आर्जन क्रियाकलाप गरी

व्यवसायीक बंगुरपालक कृषकको लागी ५०% अनुदानमा बंगुरको पाठापाठी बितरण कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि गाउँ सभाले स्वीकृत गरेको वार्षिक कार्यक्रम कार्यान्वयन गर्न वाञ्छनीय भएकाले **"बंगुर पालक कृषकको लागी ५०% अनुदानमा बंगुरको पाठापाठी बितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९"** स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद — १

## प्रारम्भिक

**१) संक्षिप्त नाम र प्रारम्भः**

क) यस कार्यविधिको नाम "**बंगुरपालक कृषकको लागि ५०% अनुदानमा बंगुरको पाठापाठी बितरण कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७९** "रहेको छ ।

ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२) परिभाषाः**

क) "गाउँपालिका" भन्नाले किस्पाङ गाउँपालिका, काहुले, नुवाकोटलाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका " भन्नाले किस्पाङ गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

ग) "अनुदान" भन्नाले वार्षिक पशु विकास कार्यक्रम अन्तर्गत कृषकलाई दिईने अनुदान रकम वा सामाग्री सम्झनु पर्दछ ।

घ) " कार्यक्रम" भन्नाले वार्षिक पशु विकास कार्यक्रम अन्तर्गत बंगुरपालक कृषकको लागी ५०% अनुदानमा बंगुरको पाठापाठी बितरण कार्यक्रम सम्झनु पर्दछ ।

ङ) "कृषक" भन्नाले वार्षिक पशु विकास कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्न कृषक सम्झनु पर्दछ ।

च) "कृषि फर्म" भन्नाले गाउँपालिका वा कुनै सरकारी निकायमा दर्ता भएको कृषि फार्म सम्झनु पर्दछ ।

छ) "आवेदक" भन्नाले कार्यक्रम संचालन गर्न निवेदन दिने कृषक वा फर्म सम्झनु पर्दछ ।

**३) उद्देश्यः यस कार्य विधिको देहाय बमोजिमका उद्देश्यहरु हुनेछन ।**

(क) बंगुरपालक कृषकको लागि ५०% अनुदानमा बंगुरको पाठापाठी बितरण गरी बंगुरको सख्यामा वृद्धी गरि त्यसबाट उत्पादित पाठापाठी विउ पुजीको रुपमा उत्पादन गर्ने ।

(ख) बंगुरपालनलाई जोड दिइ मासु उत्पादनमा प्रथामिकता दिने ।

(ग) युवाहरुलाई रोजगारी सृजना गर्ने ।

(घ) कृषकहरुलाई व्यवसायिक विकासमा प्रोत्साहित गर्ने ।

(ङ) नविनतम र सृजनशील खालका कार्यक्रमहरुलाई अनुदान प्रदान गरि प्रोत्साहन गर्ने ।

**परिच्छेद — २**

**कार्यक्रम सँचालन प्रक्रिया**

**४) कार्यक्रमले समेट्न सक्ने योजना तथा क्रियाकलापः** यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका योजना तथा क्रियाकलापहरु संचालन गर्न सकिने छ । यस बाहेकका योजना तथा क्रियाकलाप कार्क्रमको उद्देश्य सँग औचित्यपूर्ण देखिएमा संचालन गर्न सकिनेछ ।

(क) पाठापाठी खरिद र व्यवस्थापन
(ख) गोठ ब्याव्स्थापन
(ग) मेशिनरी औजार र प्रविधि परिचालन

**५) बंगुरपालक कृषकको लागी ५०% अनुदानमा बंगुरको पाठापाठी बितरण कार्यक्रम कार्यान्वयन विधि र प्रकृया**

(क) गाउँसभाबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यालयवाट कृषकहरुसँग कार्यक्रमको अनुसुचि १ बमोजिमको प्रस्ताव सूचना गरी माग गर्नु पर्नेछ ।
(ख) बंगुरपालक कृषकको लागी ५०% अनुदानमा बंगुरको पाठापाठी बितरण गरि हालको, कार्यक्रमको औचित्य, संचालन गरिने क्रियाकलापहरु, बजेट लागत साझेदारी गर्न सक्ने क्षमता, रोजगार दिन सक्ने क्षमता, बंगुरको पाठापाठी बितरण भूमिका, कार्यक्रम कार्यान्वयन कार्य योजना, अपेक्षित उपलव्धि समेत उल्लेख गरि प्रस्ताव गाउँपालिका अनुसुची २ निवेदन र अनुसुची ३ कार्यक्रम कार्यान्वयन कार्य योजना बमोजिम पशु विकास शाखामा पेश गर्नुपर्नेछ ।

(ग) कृषक वा फार्मबाट पेश भएको प्रस्तावहरु मध्ये पशु विकास शाखाले मूल्यांकन गरि उत्कृष्ट कार्यक्रमको प्रस्ताव स्वीकृतीको लागि कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(घ) गाउँ कार्यपालिकाले पशु विकास शाखाबाट पेश गरेको कार्यक्रमको प्रस्ताव जस्ताको तस्तै वा संशोधन सहित कार्यपालिकाबाट प्रस्ताव स्वीकृत गर्न सक्नेछ ।

(ङ) कार्यपालिकाबाट प्रस्ताव स्वीकृत भएपछि सम्बन्धित कृषक वा फर्मलाई जानकारी दिनु पर्नेछ ।

(च) कार्यपालिकाले कार्यक्रमको प्रस्ताव स्वीकृत गरे पछि कृषक वा फर्मसँग अनुसुचि ४ बमोजिम सम्झौता गर्नुपर्नेछ ।

(छ) सम्झौता अनुसार कार्यक्रमको पशु विकास शाखा सँग समन्वय गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(ज) कृषकले निःशुल्क रुपमा जति परिमाण प्राप्त गरेको बंगुरको पाठापाठी बितरण सो को उत्पादन पश्चात सोहि परिमाणको ४० प्रतिशत गाउँपालिका कार्यालयलाई निःशुल्क रुपमा कृषकले बुझाउनु पर्ने हुन्छ ।

६) **प्राविधिक डिजाइन र लागत आवश्यक पर्नेः** कार्यक्रमले भौतिक पूर्वाधारको योजना कार्यान्वयन गर्नु पर्ने भएमा प्राविधिकहरुबाट डिजाइन र लागत तयार गर्नुपर्नेछ ।

## परिच्छेद — ३
## मापदण्ड र मूल्याङ्कनका आधार

**७) आवेदकले देहायका मापदण्ड पुरा गर्नुपर्ने**

(क) कार्यक्रम संचालन गर्ने बंगुरपालन गरीरहेको पालन गरेको हुनु पर्ने ।
(ख) कम्तीमा ५० वटा भन्दा माथी पालन गर्नुपर्ने ।
(ग) गाउँपालिका वा कुनै सरकारी निकायमा कृषकको फर्म भएको हुनुपर्नेछ ।
(घ) कार्यक्रम संचालन गर्ने आ.व. मा कुनै पनि सरकारी अनुदान नलिएको हुनु पर्ने ।
(ङ) कार्यक्रम लागतमा न्युनतम ५० प्रतिशत साझेदारी गर्नु पर्ने ।

८) **प्रस्ताव मूल्याङ्कनको आधारहरूः**प्रस्ताव मूल्याङ्कन गर्दा देहायका बिषयहरुको आधारमा मूल्याङ्कन गर्नु पर्नेछ ।

(क) बंगुरपालक कृषकको लागी ५०% अनुदानमा बंगुरको पाठापाठी पाउनको लागी हाल कम्तीमा ५० वटा बंगुर पालन भएको हुनुपर्ने ।

(ख) गाउँपालिका क्षेत्र मा आफ्नै जग्गा भएको वा कम्तीमा ५ बर्ष लिजमा लएको हुनुरपर्ने ।

(ग) पशुपालनमा योगदान गर्न सक्ने ।

(घ) दलित, जनजाती तथा महिला कृषकलाई प्राथमिकता।

(ङ) प्रत्यक्ष रोजगार दिन सक्ने ।

(च) प्रतिफल छिटो प्राप्त हुने ।

## परिच्छेद — ४
## सम्झौता र भुक्तानी

**९) कार्यक्रम सम्झौता र अनुदान भुक्तानी प्रकृयाः**

(क) स्वीकृत प्रस्ताव अनुसार पशु विकास शाखाले सम्झौता तयार गरि सम्बन्धित कृषक वा फर्मसँग गाउँपालिकाले सम्झौता गर्नेछ ।

(ख) गाउँपालिकाको अनुदान ५० प्रतिशत हुनेछ ।

(ग) कार्यक्रम सम्पन्न भए पश्चात अनुगमन गरी सम्झौता अनुसार आवश्यक कागजात र विल भरपाईका आधारमा बैक भुक्तानि हुनेछ ।

(घ) पूर्वाधार योजना समेटिएको भए डिजाइन, लागत अनुसार प्राविधिकको मूल्याङ्कन गराई अनुसार भएको सम्पन्न भएको प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद — ५
## अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

**१०) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन**

(क) सवारी साधन ढुवानी कार्यक्रमको अनुगमन मूल्याङ्कन गाउँपालिका पशु विकास शाखा, सम्वन्धित वडाको वडा अनुगमन समिति, गाउँपालिका स्तरीय अनुगमन समिति र गाउँ कार्यपालिकाबाट गर्न सकिनेछ ।

(ख) कार्यक्रमको प्रगति प्रतिवेदन पशु विकास शाखाले माग गरेमा उपलब्ध गराउनु पर्नेछ ।

(ग) ढुवानी साधन खरिद प्राविधिकको मूल्याङ्कन गराई प्रतिवेदन पेश गर्नु पर्नेछ ।

किस्पाङ गाउँपालिका

(घ) कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रम सम्पन्न प्रतिवेदन गाउँपालिकाकोपशु विकास शाखामा पेश गर्नु पर्नेछ ।

**परिच्छेद — ६**

**विविधः**

**११) संसोधन र खारेजः** कार्यालयले आवश्यक्ता अनुसार यस कार्यविधी संशोधन र खारेज गर्न सक्नेछ ।

**१२) प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख गरिएका कुराहरु यसै कार्यविधी र उल्लेख नगरिएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ र प्रचलित ऐन, नियम, कानुनहरुसँग बाझिएमा बाझिएको हकमा प्रचलित ऐन, नियम, कानून बमोजिमनै हुनेछ ।

**अनुसुचि १**

**परिच्छेद — २ को दफा ५ (क) सँग सम्बन्धित**

**प्रस्ताव आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मितिः ..................................

आर्थिक वर्ष..... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ...... .....किस्पाङ बंगुरपालक कृषकको लागि ५०% अनुदानमा बंगुरको पाठापाठी वितरण कार्यक्रम संचालनका लागि यस गाउँपालिका भित्रका इच्छुक निजी उद्यमी/कृषक समूहसहकारी/ले यो सूचना प्रकाशित मितिले पन्ध्र (७/१५) दिनभित्र यस गाउँपालिबाट स्वीकृत बंगुरपालक कृषकको लागी ५०% अनुदानमा बंगुरको पाठापाठी वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" अनुसार तोकिएको ढाँचामा आवश्यक काजगात संलग्न राखी यस गाउँपालिकाको पशु सेवा शाखामा आवेदन पत्र पेश गर्नु हुन-यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगी दर्ता भएका प्रस्तावहरु छनौट प्रकृयामा समावेश गरिने छैन।

आवेदन पत्र साथ संलग्न गर्नु पर्ने-न्यूनतम कागजातः

१. अनसूची बमोजिमको २-आवेदनपत्र-,
२. अनुसूचीबमोजिमको लागत साझेदारी प्रतिबद्धतापत्र ४-,
३. अनुसूची ५ अनुसारको स्वघोषणा,
४. अनुसूची ६ अनुसारको ब्यवसायीक कार्ययोजना

५. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि

६. निजी उद्यमी/कृषक समूहसहकारी/को उद्योग/ब्यवसायदर्ता प्रमाणपत्र प्रतिलिपि

७. प्यान दर्ता प्रमाणपत्र

८. जग्गाको स्वामित्व देखिने प्रमाणकोप्रतिलिपी वा जग्गा भाडामा लिएको भए सूचना प्रकाशन भएको वर्षका हिसाबले कम्तिमा पाँच वर्षको करार सम्झौता अवधि भएको करारनामा पत्रको प्रमाणित प्रतिलिपी।

९. कृषक समूहसहकार/ीको हकमा बैठकको निर्णय प्रतिलिपि कार)्यक्रममा सहभागी हुने कृषकको नाम ठेगाना समेत निर्णय भएको कार्यसमितिको निर्णय प्रतिलिपी र (छनौट गरिएकाकृषकको नाम रठेगाना खुलाइएको पत्र।

नोटः कार्यक्रम सम्बन्धी विस्तृत विवरण गा.पा. को सूचना पाटी र मा.वेवस हेर्न सकिनेछ

**अनुसुचि २**

**परिच्छेद — २ को दफा ५ (ख) सँग सम्बन्धित**

**आवेदन- पत्र**

मितिः.... ..... .........

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
किस्पाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

विषयः बंगुर पालक कृषकको लागी ५०% अनुदानमा बंगुरको पाठापाठी वितरण कार्यक्रम उपलब्ध गराई पाउँ ।

महोदय,
किस्पाङ गाउँपालिकाबाट मिति ...................... गतेको .................... प्रकाशित सूचना अनुसार बंगुरपालक कृषकको लागी ५०% अनुदानमा बंगुरको पाठापाठी वितरण कार्यक्रम सहभागी हुन प्रस्ताव आह्वान गरिए बमोजिम उक्त कार्यक्रममा सहभागी हुन सूचनामा उल्लेख गरिए अनुसारका कागजात राखी यो प्रस्ताव पेश गरेको छु/ छौं। प्रस्ताव गरिए अनुसारको अनुदान बिउ र स्वलगानी रकमले गरिने कार्यहरु सम्बन्धित गाउँपालिको क्षेत्र भित्रै रहि गरिने व्यहोरा समेत अनुरोध छ।

आवेदक

नामः

पदः

ठेगानाः

संस्थाको नामः

सम्पर्क नम्बरः

संस्थाको छापः

**अनुसुचि ३**

**परिच्छेद — २ को दफा ५ (ख) सँग सम्बन्धित**
**कार्यक्रमको व्यवसायीक कार्ययोजना**

१. **आवेदक कृषक /कृषक समूह/सहकारी संस्थाको नाम र ठेगानाः**

| | |
|---|---|
| आवेदक संस्थाको नाम | |
| ठेगाना | |
| संस्था दर्ता मिति | |
| संस्था दर्ता भएको निकाय | |
| प्यान भ्याट दर्ता / | |
| सम्पर्क नम्बर | |
| ईमेल | |

किस्पाङ गाउँपालिका

| | |
|---|---|
| कार्यक्रम हुने स्थान | |

**२. प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरण**

| | |
|---|---|
| कार्यक्रमको कुल लागत | |
| अनुदान माग गरेको रकम | |
| आफ्नै श्रोतबाट ब्यहोर्ने रकम | |
| कार्यक्रम शुरू हुने मिति | |
| कार्यक्रम समाप्त हुने मिति | |

**३. संचालक समिति कार्यसमिति पदाधिकारीहरूको नामावली**

| क.स. | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

किस्पाङ गाउँपालिका

| | | | |
|---|---|---|---|
| ७ | | | |

४.भौतिक संरचना तथा जग्गा सम्बन्धि विवरण

हाल भईरहेको वा कार्यक्रम संचालन पश्चात विस्तार गरिने हो सो विवरण स्पष्ठ कैफियतमा खुलाउने , जग्गा तथा भौतिक संचरना आफ्नै वा भाडामा रहने सो विवरण पनि कैफियतमा स्पष्ठ खुलाउनु पर्नेछ। भाडामा भए करार सम्झौता भएको मिति तथा करार अवधि समेत खुलाउने

| क्र.स. | धनिको नाम ठेगाना | जग्गा / संरचनाको क्षेत्रफल | कित्ता नं. | कैफियत |
|---|---|---|---|---|
| (क) | प्रस्तावका लागि उपलब्ध जग्गा सम्बन्धि विवरण भाडामा भए करार सम्झौता मिति तथा ) (करार अवधि समेत खुलाउने | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| (ख) | भौतिक संरचना सम्बन्धी विवरण छुट्टै -छुट्टा प्रस्ताव गरिएका प्रत्येक भौतिक संरचनाहरू) खुलाई कैफियतमा थप कुन कुन जग्गामारहेको रहने / स्पष्ठ खुलाउने( | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

किस्पाङ गाउँपालिका

| (ग) | घाँस खेती सम्बन्धी विवरण | | | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

## ५. प्रस्तावित कार्यक्रमको उद्देश्य

| क.स. | उद्देश्य |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |
| ६ | |

## ६. प्रस्तावित कार्यक्रमको कार्यान्वयन कार्ययोजना

| क.स. | कार्यक्रम | ईकाई | परिमाण | महिना | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | |
| | | | | | | | | |
| | | | | | | | | |

किस्पाङ गाउँपालिका

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

**७. कार्यक्रम कार्यान्वयन पश्चात हाँसिल हुने अपेक्षित उपलब्धिहरू**

(प्रस्तावित कार्यक्रम अनुसार मेल खाने र भए गरेका क्रियाकलापहरू मात्र उल्लेख गर्नु पर्ने)

| क्र.स. | अपेक्षित उपलब्धिहरू | परिमाण |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |
| ६ | | |

**८. विक्री तथा वितरणका लागि प्रयोग हुने वस्तुको उत्पादन**

| क्र.स. | उत्पादित वस्तु | उत्पादन परिमाण | प्रयोग तथा बिक्रि-बितरण कसरी गरिने | अग्रिम सम्झौता भएनभएको/ |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

किस्पाङ गाउँपालिका

**९ . फार्ममा काम (कार्यसमिति बाहेक/संचालक) गर्ने कामदार विवरण**

फार्म संचालनका लागि फार्म धनी तथा परिवारले पूर्ण श्रम खर्च गर्ने गरि कार्य गर्ने भए सो)संख्या समेत उल्लेख गरि कैफियतमा खुलाउनु पर्ने (

| क्र.स. | पद | शैक्षिक योग्यता | महिलापुरूप/ | कार्यअनुभव |
|---|---|---|---|---|
| हालको रोजगारीको अवस्था | | | | |
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| प्रस्तावित कार्यक्रम संचालन गर्न थप जनशक्ति आवश्यक भएको खण्डमा मात्र तल खुलाउने | | | | |
| १ | | | | |
| २ | | | | |

**१० . साझेदारीमा लगानी गर्नुपर्ने रकमको स्रोत (आवेदकले लगानी गर्ने विवरण मात्र उल्लेख गर्नुपर्ने)**

| क्र.स. | आवेदकले लगानी गर्ने रकम | रकम प्राप्तीको स्रोत | बाहिरी स्रोतबाट प्राप्त | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

किस्पाङ गाउँपालिका

नोटः उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौं। कहि कतै झुठो ठहरेमा कानून बमोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौ।

**<u>प्रस्तावकतर्फबाटः</u>**

नामः मिति

हस्ताक्षरः

छापः

किस्पाङ गाउँपालिका

**अनुसुचि १**

## परिच्छेद — २ को दफा ५ (च) सँग सम्बन्धित

## द्विपक्षिय सम्झौता पत्र

किस्पाङ गाउँपालिका कार्यालयको आ.व. .......... ......... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत व्यवसायी कृषक/सामूहिक व्यवसायी बंगुर पालक कृषकको लागी ५०% अनुदानमा बंगुरको पाठापाठी वितरण कार्यक्रम गर्ने सम्बन्धि मिति .......... ....... ..... गतेको ........... ........... ......कार्यालयको सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री .... .... .... ... को प्रस्ताव छनौट भएको हुँदा किस्पाङ गाउँपालिका कार्यालय (यसपछि प्रथम पक्ष भनिने) र ........ ..... ...श्री .......... ............. ............ (यसपछि दोश्रो पक्ष भनिने) बीच तपशिल अनुसारका शर्तहरु पालना गर्ने गरि द्धिपक्षिय सम्झौता गरी बुझिलियौ-/दियौं ।

तपशिल

(१) प्रथम पक्षले लागत साझेदारीमा बंगुरपालक कृषकको लागि ५०% अनुदानमा बंगुरको पाठापाठी वितरण कार्यक्रम संचालन कार्यक्रमको लागि दोश्रो पक्षलाई ......................................................................................अनुदान/सामग्री सहयोग प्रदान गर्नेछ ।

(२) दोश्रो पक्षले बंगुरपालक कृषकको लागि ५०% अनुदानमा बंगुरको पाठापाठी वितरण कार्यक्रम कार्यक्रम अधुरो छाडी कार्यक्रमको दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले अनुदान रकम प्रचलित ऐन/नियम बमोजिम सरकारी बाँकी/बक्यौता सरह असुल उपर गर्नेछ ।

( ३) कार्यक्रम संचालनका दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

(४ कृषकले निःशुल्क रुपमा जति परिमाण प्राप्त गरेको बंगुरको पाठापाठी बितरण सो को उत्पादन पश्चात सोहि परिमाणमाको ४० प्रतिशत गाउँपालिका कार्यालयलाई निःशुल्क रुपमा कृषकले बुझाउनु पर्ने हुन्छ ।

(५ सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

किस्पाङ गाउँपालिका

**दोस्रो पक्षको तर्फबाटः**

हस्ताक्षरः

नामः

पदः

संस्थाः

छापः

**प्रथम पक्षको तर्फबाटः**

हस्ताक्षरः

नामः

पदः

कार्यालयः

छापः

**रोहवर**

हस्ताक्षरः

नामः

पदः

संस्थाः

छापः

हस्ताक्षरः

नामः

पदः

कार्यलयः

कार्यालयको छापः

इति सम्वत्..................गते रोज ............महिना ........................साल .................. शुभम्।

आज्ञाले,

महा प्रसाद दंगाल

प्रमुख प्रशासकीय अधिकृत

किस्पाङ गाउँपालिका